# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ बुटवल, चैत्र ०८ गते, २०७५ साल संख्या १८


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

बुटवल उप-महानगरपालिकाले शैक्षिक विकासका विभिन्न क्षेत्रमा काम गरिरहेकोमा नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी तयार शिक्षा ऐनको दफा २५ मा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा पूर्वाधार विकासमा सहयोग गर्न शिक्षा विकास कोषको स्थापना गर्ने र उक्त कोषमा उप-महानगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम समेत रहने व्यवस्था रहेकोले उक्त कोषको संरक्षण, संबर्द्धन तथा सञ्चालन गर्न शिक्षा विकास कोष सञ्चालन कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नामः शिक्षा विकास कोष सञ्चालन कार्यविधि २०७५ रहने छ ।

(ख) यो कार्यविधि बुटवल उप-महानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा :

(क) शिक्षा विकास कोष सञ्चालन कार्यविधि भन्नाले शिक्षा विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ लाई बुझिने छ ।

(ख) कोष भन्नाले बुटवल उप-महानगरपालिकाद्वारा स्थापित शिक्षा विकास कोषलाई बुझिनेछ ।

(ग) शिक्षा विकास कोष सञ्चालक समिति भन्नाले बुटवल उप-महानगरपालिका शिक्षा समितिलाई बुझिनेछ ।

(घ) नगर भन्नाले बुटवल उप-महानगरपालिकाको भौगोलिक सिमाना भित्रको क्षेत्रलाई बुझिनेछ ।

**३. लक्ष्यः**

बुटवल उप-महानगरपालिकाबाट शिक्षा क्षेत्रमा गरिने लगानीलाई एकीकृत र व्यवस्थित गरी बढी उपयोगी, पारदर्शी बनाई नगरको समग्र शैक्षिक विकासमा गुणात्मक सुधारगर्ने ।

**४. उद्देश्यः**

तपसिलका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने र सञ्चालन गर्न सहयोग वा सहकार्य गर्ने उद्देश्य यस कोषको हुनेछ ।

(क) शिक्षाका मूलधारमा आउन नसकेका बालबालिकाहरुलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

(ख) गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत् सहयोग पु¥याउने ।

(ग) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सहयोग पु¥याउने ।

(घ) संस्थागत विद्यालयहरुको शैक्षिक वातावरण सुधारका कार्यहरु गर्न पहल गर्ने ।

(ङ) सामाजिक उत्तरदायित्व वहनमा संस्थागत विद्यालयहरुसँग सहकार्य गर्ने, गराउने ।

(च) कार्यरत् शिक्षकहरुको लागि विषयगत तालिम सञ्चालनमा सहयोग गर्ने ।

(छ) शिक्षणमैत्री वातावरणका लागि शिक्षक, अभिभावक सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) अनौपचारिक शिक्षा तथा तालिम कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने ।

(झ) बालविकासका लागि प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा सहयोग गर्ने ।

(ञ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग गर्ने ।

(ट) अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष किसिमका सीप तथा क्षमतामूलक तालिमको सञ्चालनमा सहयोग गर्ने ।

(ठ) अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा सञ्चालनका लागि सहयोग गर्ने ।

(ड) विद्यार्थीहरुलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सीप र जीवन उपयोगी ज्ञान दिन, तालिम, छलफल, अन्तर्क्रिया विशेष सप्ताह जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

(ढ) विद्यार्थी संख्या र कक्षाको अनुपातमा शिक्षक दरबन्दी कम रहेका विद्यालयहरुमा शिक्षक व्यवस्थापनमा सहयोग गर्ने ।

(ण) विद्यार्थी, शिक्षक र अभिभावक समेतका लागि अध्ययन अवलोकन भ्रमण गराउने ।

(त) आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन अनुदान सहयोग उपलब्ध गराउने ।

(थ) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।

## परिच्छेद-२

**५. कोष सञ्चालन सम्बन्धी संस्थागत संरचनाः**

यस कोषको सञ्चालन तथा व्यवस्थापनका लागि बुटवल उप-महानगरपालिकाको शिक्षा समितिले कोष सञ्चालक समितिको काम गर्नेछ ।

तर कोषको बजेट विनियोजन र परिचालन सम्बन्धी निर्णयमा नगर प्रमुखको उपस्थिति अनिवार्य हुनेछ । शिक्षा समितिको अध्यक्षता नगर प्रमुख बाहेक अन्य पदाधिकारीले गरेको अवस्थामा शिक्षा विकास कोषको एजेण्डा राखिने छैन ।

**६. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

नगर शिक्षा ऐन र नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त कोष सञ्चालन सम्बन्धमा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोष परिचालनका लागि वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने ।

(ख) कोष वृद्धिका लागि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त गर्ने ।

(ग) कोषको उद्देश्य अनुसारका कार्यक्रमहरु सञ्चालनका लागि निर्णय लिई कार्यान्वयनका लागि नगरपालिकामा पेश गर्ने ।

(घ) कोषको वार्षिक प्रगति प्रतिवेदन तयार पारी उप-महानगरपालिकामा पेश गर्ने ।

(ङ) आवश्यकतानुसार विशेषज्ञहरुबाट सल्लाह तथा सुझाव प्राप्त गर्ने ।

(च) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठकको आयोजना गर्नेछ ।

## परिच्छेद-३

**७. शिक्षा विकास कोषको स्रोत सम्बन्धी व्यवस्थाः**

शिक्षा विकास कोषको स्रोत सम्बन्धी व्यवस्था नगर शिक्षा ऐन २०७४ को दफा २५ (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

**८. शिक्षा विकास कोषको रकम खर्च तथा परिचालन गरिने क्षेत्रहरुः**

यसै कार्यविधिको दफा ४ मा उल्लेखित उद्देश्य अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्न, सञ्चालनमा सहयोग र सहकार्य गर्न यस कोषको रकम खर्च तथा परिचालन गरिनेछ ।

## परिच्छेद-४

**९. कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**

कोष सञ्चालनमा आधारभूत विधि एवं प्रक्रिया कोषको सञ्चालन नगर सभाले स्वीकृत गरेको बजेटको सिमा र परिधिभित्र रही कोष सञ्चालन समितिको निर्णय बमोजिम हुनेछ

**१०. प्रतिवेदन पेश गर्नेः**

यस कोषको सञ्चालनको अवस्था, कोषबाट सञ्चालित कार्यक्रमको उपलब्धि लगायत लक्षित समूहसम्म कार्यक्रम पुगे नपुगेको यकिन गरी नगर कार्यपालिका समक्ष नगर शिक्षा अनुगमन समितिले प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद-५

**११. कोषको खाता सञ्चालन तथा लेखा परीक्षण**

(क) कोषको नाममा छुट्टै बैंक खाता खोली उप-महानगरपालिकाको विधि प्रक्रिया बमोजिम सञ्चालन गरिनेछ । बुटवल उप-महानगरपालिकाको लेखा परीक्षणसँगै यस कोषको पनि लेखा परीक्षण गरिनेछ ।

(ख) नगर शिक्षा समितिको निर्णय विना कोषको रकम खर्च गरिने छैन ।

**१२. कार्यविधि संशोधनः**

यस कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

**१३. खारेजी र बचाऊः**

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाँझिएको हदसम्म अमान्य हुने छ ।

(ख) यो कार्यविधि लागू भएको मितिदेखि **"शैक्षिक विकास कोष सञ्चालन निर्देशिका २०६९"** स्वतः निष्क्रिय हुनेछ ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७५/१२/०५

**राजेन्द्र सिग्देल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**